# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | फिदिम,पाँचथर | माघ ११ गते २०८१ | संख्याः ८

भाग-२

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथरको सूचना

# विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०८१

## विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०८१

प्रस्तावनाः नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत सेवा, सुविधा र अवसरमा पहुँच पुर्याई आर्थिक तथा सामाजिक विपन्नताबाट मुक्ति पाउने कुरालाई मौलिक हक, राज्यको नीति निर्देशक सिद्धान्तको रूपमा प्रत्याभूत गरेको साथै कुनै व्यक्ति दुर्घटनामा परी वा कालगतिले मृत्युवरण गरेमा निजको परिवार तथा संरक्षकलाई राहत पुर्‍याउने उद्देश्यले यस नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने परिवारका सदस्यको मृत्यु हुँदा विपन्नता भएका व्यक्तिलाई मृत्यु संस्कार खर्च उपलब्ध गराई नगरपालिकाको सार्थक उपस्थित सुनिश्चित गराउने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

फिदिम नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी फिदिम नगरपालिका विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१ बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम " फिदिम नगरपालिका विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१ " रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

(३) यो मापदण्ड नगरपालिका क्षेत्रभर लागू हुनेछ

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मृत्यु संस्कार" भन्नाले यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकले परिवारको कुनै सदस्यको मृत्यु भएपछि आफ्नो संस्कार अनुसार गर्ने अन्त्येष्टि वा काज किरियालाई सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले फिदिम नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले फिदिम नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूलाई सम्झनु पर्दछ ।

(ङ) "विपन्नता भएको व्यक्ति" भन्नाले दुर्घटनामा परी वा कालगतिले मृत्यु वरण गरेका मृतकको परिवारको सदस्य वा त्यस्ता मृतकको संरक्षकलाई सम्झनुपर्दछ ।

(च) "मृतक" भन्नाले दुर्घटनामा परी वा कालगतिले मृत्यु वरण गरेका यस नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने नगरवासी नागरिकलाई सम्झनुपर्दछ ।

(छ) "नगरपालिका" भन्नाले फिदिम नगरपालिका सम्झनु पर्दछ ।

(ज) "नगर प्रमुख" भन्नाले फिदिम नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फिदिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "सचिवालय" भन्नाले नगर प्रमुखको सचिवालयलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य र क्षेत्र

**३. मापदण्डकोको उद्देश्यः**यस मापदण्डको उद्देश्य देहायबमोजिम रहेको छन्,

(क) नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने परिवारका सदस्यको मृत्यु हुँदा विपन्नता भएको व्यक्तिलाई मृत्यु संस्कार खर्च उपलब्ध गराई तत्कालीन अवस्थामा परिवारको खर्चको आवश्यकता परिपूर्ति गर्न र गलत सामाजिक अभ्यासहरू तथा कुरीतिहरूको अन्त्य गर्नु,

(ख) नेपाल सरकारद्वारा तोकिएको समयमै मृत्यु दर्ता गर्ने कार्यलाई प्रोत्साहन गर्दै व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउनु,

(ग) सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउँदै सामाजिक समानता र एकता कायम गर्नु,

(घ) मृतकको परिवारको शोकमा नगरपालिका तथा राज्यको उपस्थितिको अनुभूति प्रदान गर्नु ।

**४. मापदण्डको कार्यक्षेत्रः**यस मापदण्डको कार्य क्षेत्र नगर सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रमको **विपन्नसँग नगर प्रमुख** कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित हुनेछ ।

## परिच्छेद-३
## मृत्यु संस्कार खर्चसम्बन्धी व्यवस्था

**५. मृत्यु संस्कार खर्च रकम प्रदान गरिनेः (१)** नगरपालिकाले मापदण्ड स्वीकृत भएको मितिदेखि नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने घर परिवारका सदस्यको दुर्घटना वा कालगतिले मृत्यु भएमा निजको परिवारका सदस्य वा मृतकको हकवालालाई प्रति मृतक रु.१०,०००।०० (दश हजार रुपैयाँ) का दरले मृत्यु संस्कार खर्च काज किरिया अवधिमा नै उपलब्ध गराउनेछ ।

तर, नगरपालिका भित्र अस्थायी बसोबास गर्ने व्यक्ति र परिवारको हकमा यो व्यवस्था लागू हुने छैन ।

(२) यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकामा स्थायी बसोबास नगरेका तर निसन्तान, वेवारिसे भई वा अन्य कुनै अवस्थाका कारण नगरपालिकाको क्षेत्रभित्र कुनै संरक्षकको सहारामा रहेका व्यक्तिको मृत्यु भएमा व्यक्तिको मृत्यु संस्कारका लागि सहयोग गर्न सकिने छ । उक्त

प्रयोजनका लागि संरक्षक रहेको सम्बन्धमा सम्बन्धित वडाको सिफारिस सहित पेश भएमा नगर प्रमुखले निर्णय गरी मृत्यु संस्कार खर्च उपलब्ध गराउन बाधा पर्ने छैन ।

**६. मृत्यु संस्कार खर्च बापतको रकम उपलब्ध गराउन लिइने आधार तथा आवश्यक कागजातहरूः** (१) मृत्यु संस्कार खर्च रकम प्राप्त गर्नका लागि देहायका कागजातहरू कार्यालय वा नगर प्रमुख समक्ष पेस गरेको हुनु पर्नेछ,

(क) मृतक व्यक्तिको नागरिकता/ जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) ३५ दिनभित्र गरिएको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) विपन्नता भएको व्यक्ति/हकवाला/संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) बसाइ सराई भई आएको हकमा बसाइसराई प्रमाणपत्र,

(ङ) मृत्यु संस्कार खर्च तथा समवेदना ग्रहण गरेको तस्वीरहरू ।

(२) मापदण्ड बमोजिम मृत्यु संस्कार खर्च प्राप्त गरेका विपन्नता भएका व्यक्तिले उपदफा (१) बमोजिमका कागजात ३५ दिनभित्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

(३) दफा ५ को उपदफा (२) बमोजिम मृत्यु संस्कार खर्च वापतको रकम उपलब्ध गराउन सम्बन्धित वडाको सिफारिस वा प्रहरी मुचुल्का वा सदगद पूर्जी सहित पेस भएको हुनुपर्नेछ ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका र वडा कार्यालयले मृतकको परिवारले मृत्यु संस्कार खर्च बापतको रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने मृत्यु दर्ता मृतकको घरमै गई उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

**७. मृत्यु संस्कार खर्च बापतको रकम उपलब्ध गराउने कार्यविधिः** (१) दफा ५ बमोजिमको मृत्यु संस्कार खर्च बापतको रकम हस्तान्तरणका लागि मृतकको घर आँगनमा नगर प्रमुख वा निजको प्रतिनिधि, सम्बन्धित वडाका वडा अध्यक्ष वा सचिवालय मार्फत अनुसूची- १ बमोजिमको भरपाई गरी मृत्यु भएको १५ दिन भित्र हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको मृत्यु संस्कार खर्चको अभिलेख अनुसूची २ बमोजिम सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद ४
## विविध

**८. प्रतिवेदन तथा खर्च सार्वजनिकीकरणः (१)** मृत्यु संस्कार खर्च हस्तान्तरण सम्बन्धमा सचिवालयले त्रैमासिक रूपमा प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकामा पेस भएको प्रतिवेदन कार्यालयको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

९. **मापदण्ड विपरित गर्न नहुनेः** मापदण्ड विपरित नगरपालिका क्षेत्र बाहिरका मृतकको हकमा कार्यान्वयन गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

१०. **दोहोरो पर्न नहुनेः** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मृत्यु भई कार्यविधिका प्रावधान बमोजिम आर्थिक सहायता प्राप्त गरेका विपन्नता भएका व्यक्तिलाई दोहोरो पर्ने गरी मृत्यु संस्कार खर्च दिइने छैन ।

११. **संशोधन र खारेजीः** यस मापदण्डमा आवश्यकता अनुशार संसोधन र खारेजि गर्ने सर्वाधिकार कार्यपालिकालाई हुनेछ ।

## अनुसूची -१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>भरपाईको ढाँचा</u>**

**भरपाई दाँदै** फिदिम नगरपालिकाको **विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०८१** मा भएका प्रावधानका अधीनमा रही तपसिल अनुसार मृत्यु संस्कार खर्च बुझी भरपाईमा सही छाप गरिदिएँ ।

| क्र.सं. | मृतकको नाम थर | ठेगाना | बुझी लिनेको नाम थर ठेगाना र ना.प्र.प. नं. | बुझिलिनेको हस्ताक्षर | मृत्यु संस्कार खर्च रकम | सम्पर्क नमबर | बुझाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## अनुसूची -१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**अभिलेखको ढाँचा**

फिदिम नगरपालिकाको **विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०८१** मा भएका प्रावधानका अधीनमा रही तपसिलका विपन्नता भएका व्यक्तिहरूलाई मृत्यु संस्कार खर्च उपलब्ध गराइएको छ।

| क्र.सं. | मृतकको नाम थर | ठेगाना | बुझी लिनेको नाम थर ठेगाना र ना.प्र.प. नं. | बुझिलिनेको हस्ताक्षर | मृत्यु संस्कार खर्च रकम | सम्पर्क नमबर | सिफारिस गर्ने वडा कार्यालय | बुझाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

तयार गर्ने सचिवालय कर्मचारीः प्रमाणित गर्नेः

कर्मचारीको नामः

पदः

हस्ताक्षर

**आज्ञाले,**
**कुमार प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत ।**